बालबालिका शान्तिक्षेत्र राष्ट्रिय अभियान (सिजप)
Children as Zones of Peace National Campaign (CZOP)

नयाँ बानेश्वर, थापागाउँ
०१ ५२४४०६२

**विज्ञप्ति**

पछिल्ला केही दिनहरुमा सञ्चारका विभिन्न माध्यमहरुबाट सार्वजनिक भएका बालबालिका पीडित तथा प्रभावित घटनाप्रति बालबालिका शान्ति क्षेत्र राष्ट्रिय अभियान (सिजप) को गम्भीर ध्यानाकर्षण भएको छ । दाङ जिल्लाको शान्तिनगर गाउँपालिका वडा नं. ३ स्थित बिपी माध्यमिक विद्यालय पातेटाकुरामा कक्षा ९ मा अध्यनरत छात्रमाथि शिक्षक उदयराज भण्डारीले निर्घात कुटपिट गरेको घटना, बानेश्वरस्थित पाठशाला स्कुलमा कक्षा-९ मा अध्ययनरत छात्रछात्राले एक निर्माणाधीन घरको पाँचौं तलाबाट हाम फालेर आत्महत्या गरेको घटना, रुपन्देही जिल्लाको बुटवल उपमहानगरपालिका वडा नं. ८ दीपनगरस्थित दीप बोर्डिङ हाई स्कूलका कम्प्युटर शिक्षक एकराज गुरागाँईले कक्षा १० का विद्यार्थीमाथि निर्घात कुटपिट गरेको जस्ता प्रतिनिधि घटनाले बालबालिकाको सुरक्षित तथा संरक्षित वातावरणमा पढ्न पाउने, कुनै पनि स्थानमा कुनै पनि प्रकारको हिंसा र दुर्व्यवहारबाट संरक्षित हुन पाउने बालबालिकाको संवैधानिक तथा कानूनी अधिकारको गम्भीर उल्लंघन भएको संकेत गर्दछ । विशेषगरी, पाठशाला स्कूलसँग सम्बन्धित घटनामा विद्यालय पोशाकमै बालबालिका बाहिर निस्किनु तथा निर्माणाधीन घरको पाँचौ तलामा निर्वाध पुग्नुले बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ५७ बमोजिमको बाल संरक्षण मापदण्डको तर्जुमा तथा कार्यान्वयनको खाँचो रहेको प्रष्ट हुन्छ भने कलिलो बालमस्तिष्कमा आत्महत्या गर्ने सोचको निर्माणप्रति सचेत रही सुरक्षित पालापनको सुनिश्चितताका लागि सरकारका विषयगत निकाय, राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय बाल अधिकार परिषद्, नेपाल प्रहरी लगायत सम्बन्धित सबैको ध्यानाकर्षण गराउन चाहन्छौं ।

नेपालको संविधानको धारा ३९ को उपधारा (७) मा कुनै पनि बालबालिकालाई घर, विद्यालय वा अन्य जुनसुकै स्थान र अवस्थामा शारीरिक, मानसिक वा अन्य कुनै किसिमको यातना दिन निषेध गरेको छ । यसैगरी बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा (७) को उपदफा (५) मा प्रत्येक बालबालिकालाई हरेक किसिमका शारीरिक वा मानसिक हिंसा र यातना, हेला, अमानवीय व्यवहार, लैङ्गिक वा छुवाछुतजन्य तथा यौनजन्य दुर्व्यवहार र शोषण विरुद्ध संरक्षण प्राप्त गर्ने अधिकार सुनिश्चित गरिएको छ । यसका साथै ऐनकै दफा ६६ को उपदफा (२) को खण्ड (घ) र (ङ) मा विद्यालयमा बालबालिकालाई शारीरिक वा मानसिक दण्ड दिने, शारीरिक चोटपटक वा असर पुर्‍याउने कार्यलाई बालबालिकाविरुद्धको हिंसाको रुपमा परिभाषित गरिएको छ भने दफा ६७ बमोजिम यस्तो कार्य गर्ने जो सुकैलाई कानून बमोजिम बर्खास्त गरी त्यस्तो संघसंस्थामा नियुक्त, मनोनित वा निर्वाचित हुन १० वर्षसम्म अयोग्य ठहरिने तथा दफा ७२ को उपदफा (३) (क) बमोजिम ५० हजार रुपैयासम्म जरिवाना र १ वर्षसम्मको कैदको व्यवस्था गरेको छ । यसैगरी दीगो विकास लक्ष्य, १५ औं आवधिक योजना, बालमैत्री विद्यालय राष्ट्रिय प्रारुप २०६७ तथा विद्यालय शान्तिक्षेत्र राष्ट्रिय ढाँचा र कार्यान्वयन निर्देशिका, २०६८ ले विद्यालयमा शारीरिक र मानसिक सजाय नदिने सुनिश्चितता गरेको छ । विद्यालय लगायत सबै स्थानमा बालबालिकाविरुद्द हुने सबैखाले हिंसा र दुर्व्यवहारबाट बालबालिकाको संरक्षणका लागि यी यावत संवैधानिक, कानूनी तथा नीतिगत व्यवस्थाका बाबजुद पनि माथि उल्लेखित घटना सार्वजनिक हुनुले अझै पनि हाम्रो विद्यालय बालमैत्री तथा शान्तिक्षेत्र नभएको गतिलो प्रमाण पेश गरेको छ ।

यसै सन्दर्भमा बालबालिका र विद्यालय शान्तिक्षेत्र हुन् भन्ने मान्यता सुनिश्चित गर्न तथा भयरहित वातावरणमा शिक्षा आर्जन गर्न पाउने बालबालिकाको मौलिक हकको व्यवहारिक कार्यान्वयनका लागि बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ५७ बमोजिम बाल संरक्षण मापदण्डको अनिवार्य तर्जुमा गर्न सिजप सरोकारवाला पक्षहरुसँग अनुरोध गर्दछ । साथै, बालबालिका र विद्यालय शान्ति क्षेत्र हुन् भन्ने मान्यतामा जुनसुकै परिस्थितिमापनि प्रतिवद्ध रहन बालबालिका शान्ति क्षेत्र राष्ट्रिय अभियान (सिजप) सबै पक्षहरुसँग आग्रहसमेत गर्दछ ।

राजेश शर्मा
अध्यक्ष

मीना शर्मा
महासचिव

मिति: २०७९ भाद्र २३ गते